
# गेरुवा गाउँपालिकाको

# पाँचवर्षीय कृषि तथा पशु विकास रणनीतिक कार्ययोजना

# २०८०/८१-२०८४/८५




## गेरुवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पशुपतिनगर, बर्दिया

## १. पृष्ठभूमि

गेरुवा गाउँपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लामा रहेको छ। चिसापानी क्षेत्रबाट कर्णाली नदी दुई दिशा छुटिएको छ । कर्णाली नदी दुईतिरबाट भएर जाँदा बीचमा बनेको टापुमा गेरुवा गाउँपालिका रहेको छ । यो गाउँपालिका कृषि तथा पशुपालनको दृष्टिकोणले महत्वपूर्ण रहेको छ । गाउँपालिकाबाट बर्दिया राष्ट्रिय निकुञ्जको मनोरम दृश्य तथा निकुञ्जका वन्यजन्तु (बाघ, भालु, हात्ती र मृग आदि) अवलोकन गर्न पाइन्छ। त्यसैगरी ७८.४१ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा बर्दिया राष्ट्रिय निकुञ्ज, पश्चिममा राजापुर नगरपालिका, उत्तरमा कैलाली जिल्ला र दक्षिणमा राजापुर नगरपालिका रहेका छन् ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका पाताभार, गोला, पशुपतिनगर र मनाउ गा.वि.स. समावेश गरी जम्मा ६ वडाहरू कायम गरी गेरुवा गाउँपालिका घोषणा गरिएको हो । यो पालिका उरवर भूमी र प्राकृतिक सुन्दरताका कारण कृषि उद्यम र पर्यटनविकासको राम्रो सम्भावना बोकेको गाउँपालिकाको रुपमा रहेको छ । स्थानीय बासिन्दाको आम्दानीको अन्य मुख्य आयश्रोतहरूमा साना व्यापार, सेवामुलक व्यवसाय, नोकरी साथै वैदेशिक रोजगारी पनि एक हो । स्थानीय युवा जनशक्ति रोजगारी तथा अध्ययनका लागि विदेशिने क्रम बढीरहेको छ । यस गाउँपालिकामा आधारभूतदेखि माध्यामिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्थाहरू रहेका छन् । यहाँ ९४.२ प्रतिशत घरधुरीमा विद्युतीकरण भएतापनि ५.८ प्रतिशत जनताले उर्जाको वैकल्पिक स्रोतको उपभोग गरिरहेका छन् । यहां फरक फरक समुदाय, जातजातिका मानिसको बसोबास रहेको छ, साथै यस क्षेत्रमा विविध किसिमका चाडपर्वहरु मनाउने गरिन्छ ॥ विगतमा लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । (स्रोतः गेरुवा गाउँपालिकाको पार्श्वचित्र)

### १.१ भौगोलिक अवस्था

बर्दिया जिल्लामा अवस्थित यस गेरुवा गाउँपालिका भौगोलिक क्षेत्रको हिसाबले तराई क्षेत्रमा पर्दछ । कूल क्षेत्रफल ७८.४१ वर्ग कि.मि. रहेको यस गाउँपालिका विश्व मानचित्रमा गेरुवा गाउँपालिकाको भौगोलिक अवस्थिति २८°२४' १८"१७. देखि २८°३५'३६"०४. उत्तरी आक्षांससम्म र ८१°८' ५१" देखि ८१°१५' १२" पूर्वी देशान्तरसम्म फैलिएको छ । यो गाउँपालिका समुद्री सतहबाट १४५ मिटरदेखि १८० मिटरसम्मको उचाइमा फैलिएको छ ।

### १.२ हावापानी

जलवायुको हिसाबले यस गाउँपालिका उष्ण तथा उपोष्ण प्रकारको हावापानी रहेको छ । प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक र

फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ । जेष्ठको अन्त्यदेखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । सबै स्थानीय स्तरमा तापक्रम मापन नभएको हुँदा बर्दिया जिल्लाको तापक्रमलाई आधार मानी गेरुवा गाउँपालिकाको तापक्रम अनुमान गरिएको छ । गर्मीयाममा यहाँको औषत अधिकतम तापक्रम ४१ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा औषत न्युनतम ७ डिग्री सेल्सियससम्म पुग्न जान्छ ।

### १.३ विद्यमान कृषि तथा पशुपालनको अवस्था

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ्य उत्पादनमा प्रमुख हिस्सेदार भई देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरूको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरू फलफूल, पशुपंक्षी, मत्स्य, सिँचाइ साथै कृषि उत्पादन र क्षेत्रफलसम्बन्धी विविध सूचनाहरू कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीय स्तरमा कृषिसम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि, भूमि व्यवस्थापन तथा सहकारी मंन्त्रालय र केन्द्रीय तथ्याङ्क विभाग रहेका छन् ।

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २८.९ प्रतिशत रहेको छ । नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागि कृषिमा निर्भर रहेका छन् । वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरू हुन् । कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाइ, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसथापन तथा उन्नत प्रविधिहरूमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ ।स्थानीय उत्पादनको वृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

गाउँपालिकाको ठूलो क्षेत्रफल समथर भूभागले भरिएको हुँदा कृषिका लागि प्रशस्त मात्रामा उपयोगी क्षेत्र रहेको छ । सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरू धान, मकै, गहुँ आदि हुन् । यस्तै दलहन बालीमा अरहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यिनको उत्पादकत्व पनि बढी छ । गाउँपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ ।

**कृषिबालीको उत्पादनको आधारमा घरधुरीको विवरणः**

| | अन्नबाली | | | दलहन | | | तेल | | | तरकारी | | | मसला | | | फलफुल | | | अन्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छैन | छ | जम्मा | छैन | छ | जम्मा | छैन | छ | जम्मा | छैन | छ | जम्मा | छैन | छ | जम्मा | छैन | छ | जम्मा | छैन | छ | जम्मा |
| जम्मा | १०० | ४१४० | ४२४० | २११३ | २१२७ | ४२४० | २१०९ | २१३१ | ४२४० | २१४९ | २०९१ | ४२४० | २६९५ | १५४५ | ४२४० | ३८३८ | ४०२ | ४२४० | ४१९५ | ४५ | ४२४० |

**स्रोतः- गेरुवा गाउँपालिकाको पार्श्वचित्र**

**क) हिउँदे बाली**

गाउँपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरूमा गहुँ, मसुरो, चना, अरहर, मास, गहत, राजमा, भटमास, मुङ, तोरी, तिल, आलस, केरा, आलु, मसला बाली आदि रहेका छन् ।

**(ख)वर्षे बाली**

गाउँपालिकाका प्रमुख वर्षे बालीहरूमा धान, मकै, दलहन, भटमास, मास, मुग, आलु, कागती, आँप, कटहर, लिची, नास्पती, मसला बाली, अदुवा आदि छन् ।

**१.४ पशुपालन**

गाउँपालिकामा विशेषगरी गाई, भैंसी, बाखा, सुँगुर नै यहाँका मुख्य घरपालुवा जनावर हुन । यसबाट गाउँपालिकाबासीहरूको जीविकोपार्जनमा उल्लेख्य सुधार भईरहेको छ । पशुजन्य उत्पादनहरू जस्तै, दुध, दहि, घिउ तथा मासुका लागि कुखुरा, बंगुर, खसी, बोकाहरूको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । यहाँ केही डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैसी, कुखुरा फार्महरू लगायतका कृषिजन्य उद्योगहरू रहेका छन । त्यस्तै गरी भेटेनरी सेवा पनि गाउँपालिकामा उपलब्ध रहेको छ । गाउँपालिकामा पशुपालन अधिक मात्रामा हुने गरेको देखिन्छ ।

आधुनिक गोठ निर्माण गरी व्यवसायिक रुपमा गाई भैंसी पालन गर्न सकिने सम्भावना भएको गाउँपालिकामा त्यसका लागि पशुपालक कृषकहरूलाई प्रोत्साहन गरी प्राविधिक ज्ञान तथा सहुलियत पूर्ण ऋण र पशु विमालाई प्रभावकारी ढंगले लागू गर्न सके स्थानीय अर्थतन्त्रमा टेवा पुग्नुका साथै रोजगारीका अवसरहरू वृद्धि हुन्छन् । गाउँपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरूमा गाई, भैंसी, बाखा, भेंडा र बंगुर रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरूको हिस्सा कूल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई भैंसीमा तथा बाखा र बंगुरतर्फ उन्नत जातका भालेहरूसँग प्रजनन गराउने परिपाटी बसेको हुँदा यी जातका

जनावरहरूमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि व्यावसायिक पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्णशंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरूले अपेक्षाकृत बढी उत्पादक जनावरहरूको आहारा खाई दिनु समेत यस क्षेत्रको समस्या हो । तसर्थ नश्ल सुधारमार्फत नयाँ जन्मिएका जनावरका बच्चाहरूलाई भविष्यको राम्रो माउमा विकसित गर्ने कुरा मध्यनजर गरी थप कार्यक्रमहरू संचालन गर्नु आवश्यक छ ।

सारांशमा, विगतका वर्षहरूमा गाउँपालिकाको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणात्मक विकास सम्भव भएको छ । तर हालको परिमाणात्मक विकासको गति सुस्त छ । पशुपालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तर पशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईदैन । त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको पनि एकदम खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आबद्ध श्रमिक तथा महिला वर्गहरूको उत्पादकत्व अति न्युन हुनु, युवा वर्गहरू विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकिकरण हुन नसक्नु, पशुपालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातित उपलब्धि हासिल हुन सकिरहेको छैन ।

### १.५ गेरुवा गाउँपालिकाको कृषिसम्बन्धी सबल पक्ष, कमजोर पक्ष, अवसरहरु र चुनौतीहरु

कृषि एवं पशूपालन तर्फ पालिकाको सबल पक्ष, कमजोर पक्ष, अवसरहरु र चुनौतीहरु पहिचान गर्ने सन्दर्भमा भएको सहभागितामुलक छलफलमा प्रस्तुत विषयलाई तल बुदाँगत रुपमा राखिएको छ ।

**सबल पक्षहरु**

क) संघ, प्रदेश तथा स्थानीय तहबाट कृषि क्षेत्रको लागि बजेटको व्यवस्था ।

ख) प्रर्याप्त मात्रामा खेतीयोग्य जमिनको उपलब्धता ।

ग) बाह्रै महिना सिँचाईको उपलब्धता (केही बपवाद बाहेक)।

घ) स्थानीय तहमा कृषि क्षेत्रको विकासका लागि आवश्यक नीति नियम, कानुन र मापदण्ड तय गर्ने अधिकार ।

ङ) कृषकहरुसँग खेती गर्ने ज्ञान सीप उपलब्ध (पराम्परागत रुपमा) ।

च) उत्पादनका हिसाबले चौथो स्थानमा पर्दछ । धानको सुपरजोन भएको ।

छ) कृषि क्षेत्रको महिलाको सहभागिता भएको ।

ज) कृषि तथा पशुपालनका लागि सुहाउँदो हावापानी भएको ।

**कमजोर पक्षहरु**

क) प्रर्याप्त मात्रामा बजेट विनियोजन नहुनु ।

ख) प्राविधिक जनशक्तिको अभाव ।

घ) रासायनिक मल, प्राङगारिक मल, बीउबिजन, आधुनिक कृषि औजारको कमी ।

ङ) विनियोजित अनुदान वास्तविक कृषक समक्ष नपुग्नु ।

च) उत्पादित वस्तुको उचित बजार मुल्य नपाउनु (बजारको कमी) ।

छ) कृषि पेशामा आबद्धता अनुसार क्षमता विकासको कमी ।

ञ) आधुनिक प्रविधिको कमी, समयमा उपलब्ध नहुनु र मर्मतसम्भारको कमी ।

ट) कृषि भुमि खण्डीकरण हुँदै जानु ।

ठ) कृषकहरुलाई खेतीयोग्य जमिनको कमी (भुमी ऐन २०२१ अनुसार ४ विगाहा १ किसान) ।

ड) उत्पादित वस्तु संकलन केन्द्रको व्यवस्था नहुनु ।

ढ) उत्पादनको श्रोत साधन, मल, बीउको मुल्य नियन्त्रण नहुनु ।

ण) जैविक तथा प्राङगारिक मलको उचित प्रोत्साहन नहुनु ।

त) कृषि पेशा सम्मानित नहुनु ।

थ) सफल कृषकहरुलाई प्रोत्साहनको व्यवस्था नहुनु ।

**अवसरहरु**

क) बाह्रैमास सिँचाई उपलब्धताको लागि सिँचाई प्रणालीको व्यवस्था

ख) खेतीयोग्य प्रर्याप्त जमिन रहेको ।

ग) सम्पुर्ण टोल समुदायको पहुँच सडक सञ्जालसँग जोडिएको ।

घ) कृषि पेशाका लागि आवश्यक मेहेनती जनशक्तिहरुको सहज उपलब्धता रहेको ।

ङ) कृषि सहकारी संस्थाहरु सञ्जाल विस्तार भएको अवस्था (कृषि सहकारी संस्थाको संख्या- २५ वटा)

च) कृषि उद्योगको लागि प्रर्याप्त कच्चा पदार्थ रहेको ।

छ) पशुपालनको लागि प्रर्याप्त वनजंगल र घाँसेमैदान रहेको ।

ज) प्राङगारिक मलको लागि श्रोतको व्यवस्था भएको ।

**चुनौतीहरु**

क) कृषकहरुले प्रर्याप्त मात्रामा समयमै बीउबिजन र मल प्राप्त गर्न नपाउनु ।

ख) उत्पादनको बजारीकरण नहुनु ।

ग) बाह्य कृषि उत्पादनले बजार कब्जा गर्नु ।

घ) लगाएको अन्न बालीमा जंगली जनावरको आक्रमण/बालीनाली नष्ट गर्ने ।

ङ) यातायातको प्रर्याप्तता नहुनु ।

च) उत्पादन गरेका कृषि उपजहरुलाई भण्डारण गर्ने व्यवस्था नहुनु ।

छ) अनुदानमा राजनीतिकरण भई ठुलो पहुँचवालाले मात्र अनुदान प्राप्त गर्ने ।

ज) सिँचाई सुविधाको प्रर्याप्तता नहुनु । (हिउँदे बालीको लागि)

झ) आधुनिक खेतीको व्यवस्था नहुनु ।

ञ) किसानहरुमा आधुनिक कृषि सम्बन्धी शिक्षाको कमी

ट) किसानहरुलाई छुटसहितको ऋणको व्यवस्था नहुनु ।

ठ) कृषि उत्पादनको समयमै नेपाल सरकारबाट मुल्य निर्धारण नहुनु ।

ड) मलखाद नेपाल सरकारको अनुदानबाट प्राप्त नभई वाह्यबाट उपलब्ध गराई बिचौलियाहरुले मलको मुल्य उच्च रहेको हुनाले किसानहरु मर्कामा पर्नु ।

**दीर्घकालीन सोंच (Vision)**

दीगो कृषि विकासको माध्यमबाट आधुनिक प्रतिष्पर्धी, आत्मनिर्भर, समृद्ध गेरुवा गाउपालिका !!

**रणनीतिक लक्ष्यहरु(Goals):**

लक्ष्य १ः-आयआर्जन बृद्धि गर्न कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्ने

लक्ष्य २ः- कृषिलाई व्यवसायिक, प्रतिष्पर्धी र नाफामूलक बनाई कृषि उद्यम तथा रोजगार बृद्धि गर्ने

लक्ष्य ३ः- कृषि विकासको लागि संस्थागत विकास तथा सुशासन अभिवृद्धि गर्ने

**लक्ष्य नं. १ (क) गाउँपालिका क्षेत्रमा खाद्यान्न तथा पशुजन्य उत्पादनमा वृद्धि सम्बन्धी नतिजा र उपलब्धीका सुचकहरु**

| **क.सं.** | **नतिजाका सुचक** | **सुचक** | | **जाँच गर्ने आधार** | **जोखिम पक्ष** |
|---|---|---|---|---|---|
| **१.** | **कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि** | | | | |
| **१.१** | **कृषि जन्य बालीको उत्पादकत्वमा वृद्धि** | **हालको अवस्था २०८०/८१** | **२०८४/८५ को अन्त्यमा** | **वार्षिक प्रतिवेदन** | **हावापानी अनुकुल भएमा** |
| १.१.१ | धान | .....कुण्टल प्रति बिगाह | | | |
| १.१.२ | मकै | | | | |
| १.१.३ | गहुँ | | | | |
| १.१.४ | मसुरो | | | | |
| १.१.५ | अरहर | | | | |
| १.१.६ | तेलहन बालीको उत्पादनमा वृद्धि (तोरी) | | | | |
| १.१.७ | आलु | | | | |
| १.१.८ | प्याज | | | | |
| १.१.९ | तरकारी | | | | |
| १.१.१० | फलफुल | | | | |
| १.२. सुधारिएको ज्ञान प्रविधि अवलम्बन गर्ने कृषकको संख्यामा वृद्धि | | | | | |
| १.२.१ | कृषकहरुद्धारा माटो, मौसम, जल, उर्जामैत्री प्रविधिको सही अवलम्बन | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.२.२ | रोग र किराको प्रकोप व्यवस्थापन | | | | |
| १.२.३ | प्राङगारिक कृषि उत्पादन र उपभोगमा वृद्धि | | | | |
| १.२.४ | प्राङगारिक मलको प्रयोगमा वृद्धि | | | | |
| १.२.५ | उन्नत बीउको प्रयोगमा वृद्धि | | | | |
| १.२.६ | खाद्य उपभोग विविधीकरणमा सुधार गर्ने परिवार | | | | |
| | | | | | |
| **२.** | **पशुजन्य उत्पादनमा वृद्धि** | **हालको अवस्था ०८०/०८१** | **०८४/०८५ को अन्त्यमा** | **जाँच गर्ने आधार** | **जोखिम पक्ष** |
| २.१ | दुग्ध उत्पादन | | | | |
| **२.१. मासुजन्य उत्पादनमा वृद्धि** | | | | | |
| २.१.१ | मासु उत्पादनमा | | | | |
| २.१.२ | अण्डा उत्पादन | | | | |
| २.१.३ | पशु आहारा उपलब्धतामा सुधार भएको हुनेछ । | | | | |
| २.१.४ | पशुपंक्षी मर्ने संख्यामा कमी | | | | |
| | | | | | |

**लक्ष्य नं. १ कृषि तथा पशु विकास सम्बन्धी प्रमुख कार्य तथा कार्ययोजना**

**क) कृषि उत्पादनतर्फ**

| **क.सं.** | **प्रमुख कार्यहरु** | **आर्थिक स्रोत प्रस्तावित** | **मानविय स्रोत (आन्तरिक/बाह्य)** | **जिम्मेवारी** | **समय रेखा** |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कृषि तथा पशु सम्वन्धि तथ्यांक संकलन | | बाह्य | गाउँपालिका, कृषि शाखा | २०८०/८१ |
| २ | कृषि उत्पादन बढाउनको लागि चक्लाबन्दी खेतीमा जोड दिने | | आन्तरिक/बाह्य | कृषि सहकारी, कृषक समुह, कृषकहरु र गाउँपालिका | २०८०/८१ देखि २०८५ सम्म |
| ३ | खाद्यान्न उत्पादन बृद्धि कार्यकम | | आन्तरिक/बाह्य | कृषि सहकारी, कृषक समुह, कृषकहरु र गाउँपालिका | २०८०/८१ देखि २०८५ सम्म |
| ४ | तरकारी तथा फलफूल उत्पादन बृद्धि कार्यकम | | आन्तरिक/बाह्य | कृषि सहकारी, कृषक समुह, कृषकहरु र गाउँपालिका | २०८०/८१ देखि २०८५ सम्म |
| ५ | प्राङगारिक मल उत्पादन कार्यक्रम | | आन्तरिक/बाह्य | गाउँपालिका | २०८०/८१ देखि २०८५ सम्म |
| ६ | बीज वृद्धि कार्यक्रम | | आन्तरिक/बाह्य | गाउँपालिका, कृषि सहकारी, कृषक समुह | २०८०/८१ देखि २०८५ सम्म |
| ७ | कोल्ड स्टोर निर्माण कार्यक्रम | | आन्तरिक/बाह्य | गाउँपालिका, कृषि सहकारी, कृषक समुह | २०८०/८१ देखि २०८५ सम्म |
| ८ | कृषक यान्त्रीकरण कार्यक्रम | | आन्तरिक/बाह्य | गाउँपालिका, कृषि सहकारी, कृषक समुह | २०८०/८१ देखि २०८५ सम्म |
| ९ | साना सिँचाई कार्यक्रम (डुढ/ पम्पसेट/ विद्युतीय मोटर) | | आन्तरिक/बाह्य | गाउँपालिका, कृषि सहकारी, कृषक समुह | २०८०/८१ देखि २०८५ सम्म |
| १० | कृषि सडकमा स्तरोन्नती कार्यक्रम | | आन्तरिक/बाह्य | गाउँपालिकाको सम्बन्धित वडा कार्यालय | २०८०/८१ देखि २०८५ सम्म |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | कृषकहरुको क्षमता विकास कार्यक्रम (प्रविधि हस्तान्तरण) | | आन्तरिक/बाह्य | गाउँपालिका तथा अन्य संघसंस्था | २०८०/८१ देखि २०८५ सम्म |
| १२ | वैकल्पिक खेती प्रवर्द्धन कार्यक्रम/बफर जोन | | आन्तरिक/बाह्य | गाउँपालिका तथा अन्य संघसंस्था | २०८०/८१ देखि २०८५ सम्म |
| १३ | आकस्मिक बाली संरक्षण कार्यक्रम | | आन्तरिक/बाह्य | गाउँपालिका | २०८०/८१ देखि २०८५ सम्म |
| १४ | माटो परिक्षण कार्यक्रम तथा मिनी ल्याब स्थापना | | आन्तरिक/बाह्य | गाउँपालिका | २०८०/८१ देखि २०८५ सम्म |
| १५ | बाली बीमा कार्यक्रम | | आन्तरिक/बाह्य | गाउँपालिका | २०८०/८१ देखि २०८५ सम्म |
| १६ | कृषक तथा प्राविधिक क्षमता अभिबृद्धि | आन्तरिक/बाह्य | आन्तरिक/बाह्य | गाउँपालिका तथा अन्य संघसंस्था | २०८०/८१ देखि २०८५ सम्म |

**ख) पशुपन्छी तथा मत्स्य उत्पादनतर्फ**

| **क.सं.** | **प्रमुख कार्यहरु** | **आर्थिक स्रोत प्रस्तावित** | **आर्थिक स्रोत (आन्तरिक/बाह्य)** | **जिम्मेवारी** | **समय रेखा** |
|---|---|---|---|---|---|
| १ | भैंसी, बाख्रा, बङगुर, कुखुरा, माछा प्रवर्द्धन कार्यक्रम | | आन्तरिक/बाह्य | गाउँपालिका | २०८०/८१ देखि २०८५ सम्म |
| २ | पशु आहारा सुधार | | आन्तरिक/बाह्य | गाउँपालिका | २०८०/८१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यक्रम .घाँस प्रवर्द्धन कार्यक्रम (वर्षे, हिँउदे, वसन्ते) | | | | देखि २०८५ सम्म |
| ३ | पशु नश्ल सुधार कार्यक्रम | | आन्तरिक/बाह्य | गाउँपालिका | २०८०/८१ देखि २०८५ सम्म |
| ४ | पशु स्वास्थ्य कार्यक्रम ( औषधी भ्याक्सिन कार्यक्रम) | | आन्तरिक/बाह्य | गाउँपालिका | २०८०/८१ देखि २०८५ सम्म |
| ५ | पशु बीमा कार्यक्रम | | आन्तरिक/बाह्य | गाउँपालिका | २०८०/८१ देखि २०८५ सम्म |

**लक्ष्य २ कृषिलाई व्यवसायिक, प्रतिष्पर्धी र नाफामूलकबनाउने सम्बन्धी सुचक एवम उपलब्धीहरु**

| **क.सं.** | **सुचकहरु** | **हालको अवस्था ०८०/०८१** | **०८४/०८५ को अन्त्यमा** | **जाँच गर्ने साधन** | **जोखिम पक्ष** |
|---|---|---|---|---|---|
| **१** | **आयमा वृद्धि** | | | | |
| क | प्रति व्यक्ति आय वृद्धि | | १० प्रतिशतले बृद्धि | घरधुरी सर्वेक्षण प्रतिवेदन | |
| ख | व्यावसायिक कृषकको आयमा वृद्धि | | १५ प्रतिशतले थप आय बढने | घरधुरी सर्वेक्षण प्रतिवेदन | |
| २ | कृषि रोजगारी तथा स्वरोजगारी संख्यामा वृद्धि | | १५ प्रतिश्तले बढने | व्यावसाय अभिलेख | |
| ३ | पकेट, ब्लक, जोन कार्यक्रम | | कम्तिमा ५ वटा पकेट ब्लक जोन कार्यकम संचालन गर्ने | वर्षिक प्रतिवेदन | |
| ४ | व्यावसायिक कृषिमा संलग्न कृषकको संख्यामा वृद्धि | | तरकारी १५ प्रतिशत,आलुखेती | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | १५ प्रतिशत, बिउविजन ५० प्रतिश्त, खाद्य प्रशोधन ५० प्रतिशत,मौरी पालन १५ प्रतिशत ………. ……………. | | |
| ५ | व्यावसायिक पशुपालनमा संलग्न कृषकको संख्यामा वृद्धि | | गाई पालन-१५% भैसी पालन-१५% बंगुर पालन-१५% बाखा पालन-१५% कुखुरा-१५% ……… | | |
| ६ | गुणस्तरीय पशु आहारा उत्पादन क्षेत्रमा विस्तार | | १५% ले बृद्धि | | |
| ७ | स्वास्थ्य वधशाला तथा मासु बिक्री केन्द्र सञ्चालन | | १० वटा संचालन | | |
| ८ | साना दुग्ध संकलन तथा प्रशोधन केन्द्र सञ्चालन | | १० वटा संचालन | | |
| ९ | जडिबुटी व्यवसायीको संख्या वृद्धि | | ३ जना ? | | |
| १० | व्यवसायमा ऋण लगानीमा वृद्धि | | | | |
| | | | | | |

**लक्ष्य नं. २कृषिलाई व्यवसायिक, प्रतिष्पर्धी र नाफामूलकबनाउने सम्वन्धि प्रमुख कार्यहरु**

| क.सं. | प्रमुख कार्यहरु | आर्थिक स्रोत (प्रस्तावित) | आन्तरिक/बाह्य मानवीय स्रोत | जिम्मेवारी | समय रेखा |
|---|---|---|---|---|---|
| १ | संभाव्यता अध्ययन<br>क) कृषि (पकेट, द्लक, जोन) क्षेत्रहरुको बिस्तार<br>ख) पशुजन्य उत्पादन एवं ब्यावसाय<br>ग) कृषि उद्योग कलकारखानाहरु<br>घ) बजार | ५,००,०००/- | आन्तरिक लगानी | | २०८०/८१ |
| २. | ब्यावसायिक कार्यकम संवन्धि निति तर्जुमा | १,००,००० | आन्तरिक | | २०८०/८१ |
| ३. | यूवा कृषकहरु छनौट तथा उद्यमशिलता विकास | ५००००० | आन्तरिक बाह्य | | २०८०/८१ |
| ४ | • विषयगत ब्यावसाय विकास तालिम - प्रागारिक मल, जडीबुटी, बजारीकरण......<br>• प्राविधिक ज्ञानको आदानप्रदानको लागि अध्ययन, अवलोकन भ्रमण | १५००००० | आन्तरिक बाह्य | | २०८०/८१देखि २०८२/८३ |
| ५. | उत्पादित बस्तुको मूल्य श्रृखला अभिबृद्धि कार्यकम | ३००००० | | | २०८०/८१ देखि २०८४/८५ सम्म |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | समुह तथा सहकारीमा आधारित बजार प्रणालीको विकासमा सहयोग | ३०००० | आन्तरिक | | २०८०/८१ देखि २०८४/८५ सम्म |
| ७. | पुर्वाधारको विकासमा निरन्तरता, उपकरण र यान्त्रीकिकरणमा सहयोग | ५०००००० | आन्तरिक | | २०८०/८१ देखि २०८४/८५ सम्म |
| ८. | ब्यावसायमा आधारित कृषि संकलन, भण्डारण, प्रसोधन र बिकीकेन्द्रको स्थापनामा सहयोग | १०००००० | आन्तरिक सहयोग | | २०८०/८१ देखि २०८४/८५ सम्म |
| ९. | उन्नत बिउबिजन उत्पादनको उद्योग स्थापना | | बाह्य | | |
| १०. | लगानी सम्मेलनको आयोजना <br>● लगानीकर्ताको पहिचान र आकर्षित गराउने <br>● लगानीमैत्री वातावरण सृजना गर्न पहल | ५,००,०००/- | आन्तरिक | | २०८०/८१ |
| ११. | ब्यावसायिक –Business to Business linkage) सम्वन्ध एवं सहकार्य विकासमा सहयोग <br>● समन्वय बैठकको आयोजना <br>● ब्यावसाय विकास एवं वजारीकरण कर्मचारीको व्यवस्था | २१०००००/- | आन्तरिक | | २०८०/८१देखी २०८४/८५ सम्म |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| १२. | चिस्यान केन्द्रको स्थापना | २५००००० | अन्तरपालिका साझेदारी तथा अन्यवाट सहयोग | | |

**लक्ष्य ३ सम्बन्धी सुचक एवम उपलब्धीहरु** (कृषि विकासको लागि संस्थागत विकास तथा सुशासन अभिवृद्धि गर्ने)

| **क.सं.** | **सुचकहरु** | **हालको अवस्था ०८०/०८१** | **०८४/०८५ को अन्त्यमा** | **जाँच गर्ने साधन** | **जोखिम पक्ष** |
|---|---|---|---|---|---|
| १ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम विषयगत समितिहरु गठन र परिचालन | आर्थिक, सामाजिक, राजस्व परामर्श............. समितिहरु गठन | ०८०/०८१ सम्ममा सबै विषयगत समितिहरु गठन | पलिका निर्णय पुस्तिका | |
| २ | वार्षिक योजना समय सीमा तयारी | बर्षिक योजना भएको | बस्तीस्तर देखी सहभागितामुलक योजना तर्जुमा प्रकृया बवलम्बन भएको | गाउँसभाको बैठक पुस्तिका | |
| ३ | विषय क्षेत्रगत रणनीतिक योजना बमोजिम बजेट विनियोजन | | विषय क्षेत्रगत रणनितीक योजना तर्जुमा र वजेट विनीयोजन | संवन्धित समिती तथा निर्णय | |
| ४ | गाउँपालिकाको काम कारबाहीमा सुशासन अभिवृद्धि | नागरिक बडापत्र | - बडापत्र अनुसार सेवा प्रवाह<br>- योजना सूचनाबोर्डको ब्यवस्था<br>- वेवसाईटमा सबै सूचना डिस्पले<br>- वार्षिक २ पटक सार्वजनिक सुनुवाई, २ पटक सकिक्षा बैठक तथा कम्तिमा ९० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिशत योजनाको लेखा परिक्षण | | |
| ५ | गाउँपालिकाको निर्णय कार्यान्वयन क्षमतामा वृद्धि | | कमितमा ९० प्रतिशत योजनाको पूर्ण कार्यानवयन | वर्षिक प्रतिबेदन | |
| ६ | गाउँपालिकाको आन्तरिक श्रोतमा वृद्धि | | ५० प्रतिशतले बृद्धि | वर्षिक प्रतिबेदन | |
| ७ | गाउँपालिकाको अभिलेखीकरण व्यवस्थित भएको | | सवै समुह, सहकारी एवं ब्यावसायीहरुको अभिलेख दुरुस्त | गाउँ पालिकाको अभिलेख | |
| | | | | | |

**लक्ष्य नं. ३ कृषि विकासको लागि संस्थागत विकास तथा सुशासन अभिवृद्धि गर्ने**

**क) संस्थागत विकासतर्फ प्रमुख कार्यहरु**

| क.सं. | प्रमुख कार्यहरु | आर्थिक स्रोत (आन्तरिक/बाह्य) | मानवीय स्रोत (आन्तरिक/बाह्य) | जिम्मेवारी | समय रेखा |
|---|---|---|---|---|---|
| १ | ऐन कार्यविधि, नियामावलीहरुको निर्माण गर्ने | ३००००० | आन्तरिक/ समानीकरण अनुदान | विषयगत शाखा/ विधायन समिति/ कार्यपालिका/ गाउँसभा | २०८०/८१ |
| २ | विषय क्षेत्रगत बमोजिम समुह, समिति, सञ्जालहरुको संस्थागत निर्माण | ३००००० | आन्तरिक/बाह्य | विषयगत शाखा/ विषय विज्ञ | २०८०/८१ |
| ३ | पदाधिकारीहरुको क्षमता अभिबृद्धि कार्यक्रम | १२००००० | आन्तरिक/बाह्य | सम्बन्धित शाखा, समुह/ समिति | निरन्तर |
| ४ | प्राविधिक कर्मचारीहरुको व्यवस्थापन, परिचालन | | आन्तरिक/बाह्य | पदपुर्ति समिति, विषयगत शाखा | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | प्राविधिक/ दक्ष जनशक्तिहरुको रोष्टर तथा अभिलेख व्यवस्थापन | | आन्तरिक | विषयगत शाखा, सुचना प्रविधि अधिकृत | २०८०/८१ |
| ६ | स्थानीय समुह, संघ संस्थाको क्षमता विकास कार्यकम | १०००००० | आन्तरिक/बाह्य | सम्बन्धित शाखा, समुह/ समिति | निरन्तर |
| ७ | लागत सहभागितामा सार्वजनिक सरकारी निजी साझेदारी कार्यकम | | | | |
| ८ | पलिकाको बस्तुगत विबरण तयार | | | | |

**ख) सुशासनतर्फ**

| क.सं. | प्रमुख कार्यहरु | आर्थिक स्रोत (आन्तरिक/बाह्य) | मानवीय स्रोत (आन्तरिक/बाह्य) | जिम्मेवारी | समय रेखा |
|---|---|---|---|---|---|
| १ | बजेट विनियोजन तथा कार्यान्वयन | आन्तरिक/बाह्य | आन्तरिक/बाह्य | कार्यपालिका/ सभा | निरन्तर |
| २ | कार्यक्रम अनुगमन/ मुल्याङ्कन | ५००००० | आन्तरिक | अनुगमन समिति, सरोकारवाला शाखा | निरन्तर |
| ३ | सहभागितामुलक योजना तर्जुमा प्रक्रिया बमोजिम योजना तर्जुमा र कार्यान्वयन | | आन्तरिक | शाखा, कार्यपालिका/ गाउँसभा | निरन्तर |
| ४ | सुचना प्रकाशन, प्रतिवेदन, समिक्षा/ सार्वजनिक सुनुवाई | | आन्तरिक/बाह्य | सम्बन्धित शाखा, जनप्रतिनिधि/ कर्मचारी | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | पालिकाको सुशासन प्रर्वधन एवं गुणस्तर नियन्त्रण कार्यकम | | | जनप्रतिनीधी/ कर्मचारी | निरन्तर |
| ६ | असल अभ्यासहरुको अनुशरण, प्रचारप्रसार | | आन्तरिक | कर्मचारी | निरन्तर |
| ७ | विषयगत समिति/ शाखाहरुको नियमित बैठक | | आन्तरिक | कर्मचारी/ जनप्रतिनिधि | निरन्तर |

## २. कार्य नीति( Implementation Policy)

गेरुवा गाउँपालिकाले कृषि तथा पशु विकासको लागि योजना तर्जुमादेखि कार्यान्वयन एवं अनुगमन गर्दा देहायका नीतिहरु अवलम्वन गर्नेछः

१. योजनामा दोहोरोपना हुन नदिन र उपलव्ध श्रोतलाई व्यवस्थित गर्न गाउँपालिकाले सरोकारवालाहरुलाई योजना तर्जुमा प्रकृयामा संलग्न गराउनेछ ।स्थानीय वासिन्दाहरुको प्रत्यक्ष संलग्नतामा तोकिएको कार्ययोजना अनुरुप वार्षिक कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्नेछ ।

२. नक्साङकनवाट पहिचान गरिएका लक्षित क्षेत्रमा व्यावसायिक कार्यक्रम सञ्चालन पूर्व त्यस क्षेत्रको विस्तृत भौगोलक ,सामाजिक, प्राविधिक, वातावरणीय, आयत प्रतिस्थापन र वजारको अध्ययन गरी संभाव्य व्यवसायहरुको सुपरजोन, जोन, व्लक र पकेट कार्यक्रम सञ्चालन गर्ने ।

३. उत्पादित वस्तुहरुलाई प्रतिष्पर्धी वनाउन प्रांगारिक उत्पादनको साथै उत्पादन लागत न्यूनीकरणको लागि यान्त्रीकरणमा जोड दिइनेछ ।

४. विदेशबाट फर्केका एवम् शिक्षित।अर्ध शिक्षित बेरोजगार युवा कृषकहरुमा उद्यमशिलताको विकास गरी प्रतिफलको आधारमा व्यवसायमूलक कार्यक्रममा लागत सहभागिता गरिनेछ ।

५. योजना सञ्चालन सम्वन्धमा सकेसम्म गाउँपालिकामा दर्ता एवम नवीकरण भएका पारदर्शीता कायम गरेका टोल सुधार समिति, उपभोक्ता समिति, कृषक समूह तथा सहकारीमार्फत गरिनेछ ।

६. गाउँपालिकाले आवश्यक प्राविधिक जनशक्ति व्यवस्थापन गर्न निजीस्तरमा प्राविधिक शिक्षालय

वा प्रशिक्षण केन्द्र स्थापना गर्ने संघसंस्थालाई प्रोत्साहन सहयोग गरिनेछ ।

७.कृषक संगठनहरुलाई निजी क्षेत्र, सरोकारवाला निकाय र सेवाग्राही बीच समन्वय गरी किसानहरुको उत्पादनलाई प्रत्यक्ष निजी क्षेत्रहरुसँग जोडी बिउ पूँजी (Seed Money) निर्माण गर्ने, बिचौलिया बीचको दुरी कम गर्ने र प्रत्यक्ष किसान र खरिदारबीच सम्बन्ध जोड्ने ।

८. कृषि सम्बन्धी काम गर्ने सहकारीहरुलाई एकबद्ध गराई कृषकहरुलाई सहुलियतमा मल, बिउबिजन र कृषि प्रयोजनका लागि साहुलियतमा ऋण उपलब्ध गराउने ब्यवस्था मिलाउने ।

९. कृषि सहकारीहरुलाई कृषि उत्पादन र बजारीकरणसंग जोडने नीति बनाउने ।

१०. जंगली जनावरबाट मानवीय क्षति एवं अन्नबालीको क्षती हटाउन सम्वन्धित निकायसंग पहल गर्ने ।

११. कृषि तथा पशुजन्य उत्पादनलाई भण्डारण, संरक्षण तथा बजारीकरणको भरपर्दो पुर्वाधारहरुको निर्माण गर्ने ।

१२. श्रम सहकारीको स्थापना गरी श्रम बजार र श्रमको उचित मुल्यको निर्धारण गरी रोजगारीको उचित प्रवर्द्धन गर्ने

१३. उत्पादनमा आधरित अनुदान कार्यक्रम लागु गर्ने बातावरण बनाउने ।

१४. कृषि तथा पशु विकास योजना सञ्चालनसम्वन्धी नीति, नियम र मापदण्ड वनाई लागुगर्नेछ ।

१५. जलवायु परिवर्तन अनुकूलन, समावेशी, महिलामैत्री र एकीकृत कृषि प्रणालीलाई जोड दिनेछ ।

१६. कार्यक्रमको गुणस्तर नियन्त्रण गर्न सहभागितामूलक अनुगमन तथा मूल्याङकन प्रणालीलाई सुदृढ गरिनेछ ।

## ३. योजना अनुगमन तथा मूल्याङकन (Program Monitoring & Evaluation)

योजनाहरुको प्रगति मापन गर्न, सञ्चालनक्रममा आइपरेका विवादहरु समाधान गर्न र उपभोक्ताहरुलाईतत्काल प्राविधिक सेवा उपलव्ध गराई योजनाको गुणस्तर सुनिश्चित गर्न गाउपालिकाले नियमितरुपमायोजनाको अनुगमन गर्नु पर्दछ । गाउँपालिकाले योजनाको अनुगमन गर्दा उपभोक्ता, उपभोक्ता समितिर सरोकारवाला निकायका प्रतिनिधिहरुलाई अनिवार्य संलग्न गराउनु पर्दछ ।गाउँपालिकाले हरेक आर्थिक वर्षमा कम्तीमा दुई पटक प्रगति समीक्षा गर्नु पर्दछ । गाउँपालिकाले पौषमसान्तमा मध्यावधि समीक्षा वैठक गरी सो अवधिसम्म प्राप्त भएको भौतिक एवम वित्तीय प्रगतिकोजानकारी लिई बाँकी उपलब्धिहरु प्राप्तिको लागि रणनीति तय गर्नेछ । चालु आ.व.को अन्तिम महिनामा अन्तिम समीक्षा वैठक सम्पन्न गर्नु पर्नेछ । यस समीक्षाले समग्र भौतिक एवम वित्तीयस्थितिको लेखाजोखा, सिकाई र आगामी वर्षको लागि रणनीति तय गर्नेछ । गाउँपालिकाको अनुगमनसमितिले नेतृत्व गरेको समीक्षा वैठकमा कार्यपालिका पदाधिकारीहरु, सरोकारवालाहरु र सेवाग्राहीप्रतिनिधिहरुको सहभागिता अनिवार्य हुन्छ । गाउँपालिकाले

विशेष महत्वका योजनाहरुको मुल्याङ्कन अनिवार्य गर्नु पर्दछ । योजनाको मुल्याङ्कन आफै (स्व-मुल्याङ्कन) वा परामर्शदाता मार्फत गर्न सक्नेछ । मुल्याङ्कन गर्दा योजना तर्जुमा प्रकृया, सञ्चालनप्रकृया, जनसहभागिताको स्थिति, भौतिक तथा वित्तीय उपलव्धी, योजनाले स्थानीयवासीमा पुर्‍याएको लाभ, यसको गुणस्तर, योजनाले कार्यक्षेत्रमा ल्याएको सामाजिक, आर्थिक, वातावरणीय परिवर्तन,समुदायको क्षमता विकास र दीगोपनलाई प्रमुख आधार वनाइनु पर्दछ । योजनाको मुल्याङ्कन लक्षित सेवाग्राहीको सहभागितामा गर्नु पर्दछ ।

## ४. मानवीय जनशक्ति व्यवस्थापन (Human Resorce Management)

रणनीतिक योजनाको सफल कार्यान्वयन र उच्चतम प्रतिफल मानवीय दक्षतामा निर्भर रहन्छ । गाउपालिकाले एक वडा एक कृषि प्राविधिक हुने गरी जनशक्तिको उचितव्यवस्थापन हुनेछ । यसका अतिरिक्त व्यवसायिक कार्यक्रमको लागि आवश्यक पर्ने जनशक्ति कृषि ज्ञान केन्द्र /स्थानीय अधिकार परियोजना, गैससको समन्वयमा आपूर्ति गर्नु पर्दछ । आवश्यक थप जनशक्तिहरु जस्तैव्यवसाय विकास एवं बजारीकरण सहजकर्ता गाउँपालिकाले आन्तरिक श्रोतवाट सेवा करार लिनेछ ।यसरी कृषि तथा पशुपालन एवं ब्यावसाय विकास संवन्धी जनशक्तीलाई समय अनुसार नियमित अध्ययन तथा भ्रमण गराई विषय दक्ष बनाउनुका साथै व्यवस्थापकिय पक्ष प्रभावकारी बनाउनु पर्दछ ।

## ५. श्रोत व्यवस्थापन (Resource Management)

स्थानीय सञ्चित कोषमा संघ र प्रदेश सरकारवाट प्राप्त हुने सशर्त तथा निशर्त अनुदान, गाउँपालिकालेलिएको ऋण, आन्तरिक आय र अन्य श्रोतवाट प्राप्त रकमलाई निर्देशिका वमोजिम स्थानीय नीति,नियम, मापदण्ड र प्राथमिकताको आधारमा वजेट विनियोजन गर्नु पर्दछ । यसको लागि गाउँपालिकालेआय व्ययको अनुमान पूर्व योजना तर्जुमा गोष्ठीमा वडा समितिलाई जानकारी गराउनेछ ।गाउँपालिकाले पाँच वर्षीय कृषि तथा पशुपालन रणनीतिक लक्ष्य अन्तरगतका योजनाहरु कार्यान्वयनकोलागि समष्टिगतरुपमा तल तालिकामा वजेट प्रस्ताव गरेको छ ।

| **लक्ष्य** | **अनुमानित बजेट** | | |
|---|---|---|---|
| | **कार्यक्रम** | | **जम्मा** |
| लक्ष्य १ (कृषि उत्पादन) | | | |
| लक्ष्य १ (पशुजन्य उत्पादन) | | | |
| लक्ष्य २ व्यवसायिक कार्यक्रम | | | |
| लक्ष्य ३ सुशासन | | | |
| **कुल बजेट** | | | |

**दिगो कृषि रणनैतिक योजना खाका तयारीका लागि कार्यशाला गोष्ठीमा सहभागीहरुको नामावलीहरुः**

| क्र.सं. | नाम | ठेगाना/ कार्यालय | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | जमान सिंह के.सी. | गेरुवा गा.पा. | अध्यक्ष | ९८५८०३८१११ | |
| २ | लक्ष्मी कुमारी चौधरी | गेरुवा गा.पा. | उपाध्यक्ष | ९८४८५७२१३४ | |
| ३ | बस बहादुर राना | गेरुवा गा.पा. | प्रमुख प्रशासकीय अधिकृत | ९८५८०९०४४१ | |
| ४ | कर्म बहादुर चौधरी | गेरुवा गा.पा.-१ | वडाध्यक्ष | ९८४८२७१५६२ | |
| ५ | कृष्ण थारु | गेरुवा गा.पा.-२ | वडाध्यक्ष | ९८५८०३८११८ | |
| ६ | निर्मल चौधरी | गेरुवा गा.पा.-३ | वडाध्यक्ष | ९८५८०३८१२० | |
| ७ | महेन्द्र प्रसाद चौधरी | गेरुवा गा.पा.-४ | वडाध्यक्ष | ९८५८०३८११९ | |
| ८ | धर्म प्रकाश थारु | गेरुवा गा.पा.-५ | वडाध्यक्ष | ९८५८०३८१२२ | |
| ९ | कृष्ण गोपाल चौधरी | गेरुवा गा.पा.-६ | वडाध्यक्ष | ९८५८०२७११५ | |
| १० | दुर्गा कुमारी छिनाल | गेरुवा गा.पा. | कार्यपालिका सदस्य | ९७४२९४३५१९ | |
| ११ | लक्ष्मी सोनाहा | गेरुवा गा.पा. | कार्यपालिका सदस्य | ९८६६७०५२३९ | |
| १२ | पार्वती थारु | न्यायिक समिति | मे.स.स. | ९८४८२५६४०७ | |
| १३ | दिनेश दुनाबठ्वा | कृषि शाखा | ना.प्र.स. | ९८५८०५६२०१ | |
| १४ | उमेश चौधरी | पशु शाखा | ना.पा. स्वा.प्र. | ९८६५६९७६४८ | |
| १५ | कृष्ण सोडारी | सूचना प्रविधि शाखा | सूचना प्रविधि अधिकृत | ९८४३७७२७२२ | |
| १६ | प्रेम बहादुर जि.सी. | योजना शाखा | योजना सहायक | ९८४८०७३००० | |
| १७ | रमेश भण्डारी | योजना शाखा | ईन्जिनियर | ९८४९२१५२१४ | |
| १८ | दिपिका कुमारी भट्टराई (सुवेदी) | योजना शाखा | सहजकर्ता | | |
| १९ | हरिकला चौधरी | न्यायिक समिति | सदस्य | | |
| २० | प्रशुराम थारु | न्यायिक समिति | पोषण सहजकर्ता | ९८४८०६२१११ | |
| २१ | रितादेवी थारु | कृषि समुह | सदस्य | ९८२४५११४६२ | |
| २२ | मिना थारु | कृषि समुह | सदस्य | ९८२२४८१३१४ | |
| २३ | सुदेस्नी थारु | कृषि समुह | सदस्य | ९८६८२१६७६१ | |
| २४ | हरिराम चौधरी | गेरुवा गा.पा. | कार्यालय सहयोगी | | |
| २५ | दिपक कुमार भट्टराई | गुलरिया, बर्दिया | कन्सल्टेन्ट | ९८५१२२५५८१ | |
| २६ | रमेश कुमार चौधरी | कमैया महिला जागरण समाज, नेपाल | कार्यक्रम संयोजक | ९८४८०८७०३२ | |
| २७ | सुस्मीता कुमारी थारु | कमैया महिला जागरण समाज, नेपाल | सामाजिक परिचालक | ९८१९०८७३१५ | |